आज मिति २०८१ साल चैत्र ११ गते सोमबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४२ (बयालीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

**उपस्थिति**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. नमोबुद्ध नगरपालिकाको कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा।
३. संस्था दर्ता गर्ने सम्बन्धमा।
४. दहत्तर बहत्तर व्यवस्थापनको लागि बोलपत्र आव्हान गर्ने सम्बन्धी प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
५. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा।
६. एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रमका लागि सिफारिस गर्ने सम्बन्धमा।
७. रणनीतिक योजना स्वीकृत गर्ने सम्बन्धमा।
८. ०१ नम्बर वडा कार्यालयको प्रशासनिक भवन र मथुरापाटी स्वास्थ्य चौकी समुद्घाटन तथा बालमैत्री वडा घोषणा कार्यक्रम सम्बन्धमा।
९. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नगरपालिका भित्रका सम्पूर्ण वडाका वडा समितिमा र विधायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिकाको कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफाबार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिका ०५ नम्बर वडा कार्यालयबाट प्राप्त प.सं. २०८१/०८२, च.नं. ११२५, मिति २०८१/११/०५ गतेको सिफारिस साथ प्राप्त आवश्यक कागजात अनुसार नमोबुद्ध नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम श्री पात्ला खानेपानी योजना उपभोक्ता समिति नियमानुसार दर्ता गर्ने।

निर्णय प्रमाणीकरण

निर्णय नम्बर ४:

मिति २०८१ साल असोज १० गते देखि १२ गतेसम्म परेको अविरल तथा भिषण वर्षात पश्चात आएको बाढी तथा पहिरोका कारणले रोशी गाउँपालिका र नमोबुद्ध नगरपालिका भएर बग्ने रोशीखोला अन्तर्गत दुई वटै पालिकाको साझा स्थानमा नदिजन्य सामाग्रीहरु (दहत्तर बहत्तर) खोलाको सतह भन्दा धेरै नै माथि थुप्रिन गई आगामी वर्षातमा थप जोखिम र क्षति हुने सम्भावना रहेकोले सोको एकिन गरी संकलन र बिक्रि गर्नका वर्गीकरण गरिएको रोशी खोला अन्तर्गत चौकीडाँडा पहिरो (राजमार्ग छिनेको ठाउँ) देखि पोटा खोला दोभान खण्ड र रोशी खोला अन्तर्गत पोटा खोला देखि शनि खोला दोभान खण्डको तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (आ.ई.ई) मा उल्लेख भए बमोजिम बोलपत्र आव्हानका सन्दर्भमा रोशी गाउँपालिका र नमोबुद्ध नगरपालिका बीच मिति २०८१/१२/०३ गते बसेको अन्तरपालिका समन्वय बैठक, राजश्व परामर्श समितिको मिति २०८१/१२/०४ गतेको बैठक र मिति २०८१/१२/०६ गतेको नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गरी सोही बमोजिम दहत्तर बहत्तर उत्खनन् तथा संकलनका लागि बोलपत्र आव्हान गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिका ०४ नम्बर वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ८२६ मिति २०८१/१२/०४ गतेको पत्रानुसार मेथिनकोट आधारभूत स्वास्थ्य सेवा केन्द्रमा नियामानुसार नियुक्ति गरिएको कार्यालय सहयोगी श्री अन्जु उदाश सम्बन्धमा मिति २०८१/११/२७ गतेको वडा समितिको निर्णयलाई अनुमोदन गर्ने।

निर्णय नम्बर ६:

बागमती प्रदेश सरकार, कृषि विकास निर्देशनालय, हेटौंडा, मकवानपुरले मिति २०८१/११/०८ गते प्रकाशन गरेको एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रमका सम्बन्धमा प्रस्ताव पेश गर्नका लागि नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित प्यारो साथी पशुपालन कृषि फर्मले सिफारिस माग गरेकोले सिफारिस गर्ने।

निर्णय नम्बर ७:

नमोबुद्ध नगरपालिका, ०१ नम्बर वडा कार्यालयलाई बालमैत्री घोषणा गर्ने सम्बन्धमा बालमैत्री स्थानीय शासन घोषणा पश्चात दिगोपनाका लागि आर्थिक वर्ष २०८१/०८२ देखि २०८२/०८३ सम्मका लागि तयार भएको रणनीतिक योजना स्वीकृत गरी कार्यान्वयन गर्ने।

निर्णय नम्बर ८:

नमोबुद्ध नगरपालिका, ०१ नम्बर वडा कार्यालयको वडा प्रशासनिक भवन तथा मथुरापाटी स्वास्थ्य चौकी समुद्घाटन कार्यक्रम साथै बालमैत्री स्थानीय शासन अन्तर्गत वडा तह घोषणाको सूचक पूरा गरेको प्रतिवेदन प्राप्त भएको गरेपछि सोही ०१ नम्बर वडा कार्यालयलाई बालमैत्री वडा घोषणा कार्यक्रम मिति २०८१ साल चैत्र १७ गते आइतबार माननीय उप-प्रधान तथा सहरी विकास मन्त्री श्री प्रकाशमान सिंहज्यूहरुलाई को प्रमुख आतिथ्यता गर्ने र सो कार्यक्रमका लागि आवश्यक पर्ने सम्पूर्ण तयारी गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजिले तोकेको सदस्यहरु रहने तयारी समिति गठन गर्ने।